# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बडिमालिका नगरपालिका

बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बडिमालिका नगरपालिका

### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बडिमालिका नगरपालिका

बाजुरा

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०

च.नं. ५६१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

बडिमालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

बाजुरा ।

**कैफियत सहितको राय**

हामीले बडिमालिका नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७ करोड ५२ लाख ३६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ८ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ४२ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८१ लाख ४० हजार र पेश्की रू. २० लाख १६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ९ करोड ४२ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड ९४ लाख ५१ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

बडिमालिका नगरपालिका, बाजुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजू** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजू** | | | **बेरुजू** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७७ | ३२ | ७५२३६ | ० | ० | ० | ७७ | ३२ | ७५२३६ | ८४६ | १८१४० | ५४२३४ | ० | ० | ७२३७४ | २०१६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बडिमालिका नगरपालिका, बाजुरा | ९४२१५ | ० | ० | ९४२१५ | ० | ७५२३६ | १६९४५१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बडिमालिका नगरपालिका, बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rangamal B K | २०७९-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Dataram Pyakurel | २०७८-१२-६ | २०७९-२-१९ |
| लेखा प्रमुख | Bimala kumari Padhyay | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७५,२३६,५७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,१९,७१,१७७.४६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,१९,७९,००० | **चालु खर्च** | २७,४६,५९,८६२.०६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३३,२८,००० | **पूँजीगत खर्च** | १३,०८,६६,९६४ |
| **राजश्व बाँडफाँट** | ७,१२,३८,८५९.०७ | **वित्तीय/अन्य व्यवस्था** | १०,५२,७९,९१४ |
| **आन्तरिक आय** | ६३,५३,४२८.३९ | | |
| **अन्य आय** | १२,०६,६४,९४६ | | |
| **कुल आय** | ६१,३५,६४,२३३.४६ | **कुल खर्च** | ५१,०८,०६,७४०.०६ |
| **बाँकी मौज्दात** | | १३,४७,३२,६७१.४ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत ९ वडा ४८ सभा सदस्य २७६ वर्ग किलोमिटर क्षेत्रफल तथा घरधुरी सर्वेक्षण २०७४ बमोजिम १७२२९ जनसंख्या रहेको छ ।<br>कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोराहरु निम्नानुसार छन्ः<br>लेखापरीक्षणले औंल्याएपछि अनुदान रकम फिर्ता गर्न बाँकी रहेको मध्ये रु ४१३६८१५३।- दाखिला गरेको प्रमाण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>बित्तिय व्यवस्था<br><br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ।
<table>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५७,६५,५८,९७१.०३</td><td>५३,१०,९३,०२१.५२</td><td>१,९९,२४,१४८.४७</td><td>५५,१०,१७,१६९.९९</td><td>४९,१६,४६,९९६.७९</td><td>८१,६३,०२०</td><td>४९,९८,१०,०१६.७९</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५३,४३,९९,५१०.०३</td><td>४९,८६,८०,६११.४६</td><td>०</td><td>४९,८६,८०,६११.४६</td><td>४५,५६,७१,०७०.५४</td><td>३८,००,०००</td><td>४५,९४,७१,०७०.५४</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>८,०९,४०,०००</td><td>७,३२,५५,३६२.७५</td><td>०</td><td>७,३२,५५,३६२.७५</td><td>६,४९,२८,६६५.७४</td><td>०</td><td>६,४९,२८,६६५.७४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३००० अनुदान | | ४१,७९,६०,००० | ४२,१०,७५,००० | ० | ४२,१०,७५,००० | ३८,५२,४७,८१० | ३८,००,००० | ३८,९०,४७,८१० |
| संघीय सरकार | १२ | ३९,४६,३२,००० | ३९,२६,७९,००० | ० | ३९,२६,७९,००० | ३५,०४,७६,८१० | ३८,००,००० | ३५,४२,७६,८१० |
| प्रदेश सरकार | १२ | २,३३,२८,००० | २,८३,९६,००० | ० | २,८३,९६,००० | ३,४७,७१,००० | ० | ३,४७,७१,००० |
| १४००० अन्य राजस्व | | ३,५४,९९,५१०.०३ | ४३,५०,२४८.७१ | ० | ४३,५०,२४८.७१ | ५४,९४,५९४.८० | ० | ५४,९४,५९४.८० |
| ख. अन्य प्राप्ति | | ४,२१,५९,४६१ | ३,२४,१२,४१०.०६ | १,९९,२४,१४८.४७ | ५,२३,३६,५५८.५३ | ३,५९,७५,९२६.२५ | ४३,६३,०२० | ४,०३,३८,९४६.२५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४,२१,५९,४६१ | २,७७,२९,७९०.०६ | १,९९,२४,१४८.४७ | ४,७६,५३,९३८.५३ | २,८२,०२,५७९.१५ | ४३,६३,०२० | ३,२५,६५,५९९.१५ |
| धरौटी | | ० | ४६,८२,६२० | ० | ४६,८२,६२० | ७७,७३,३४७.१० | ० | ७७,७३,३४७.१० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,८५,०८,५४२.९६ | ४४,०४,७६,९४८.२० | १,९२,५१,१०६ | ४५,९७,२८,०५४.२० | ४६,५८,४१,१२४.१० | ७९,०५,११३ | ४७,३७,४६,२३७.१० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,६३,४९,०८१.९६ | ४१,५१,५८,१६२.९२ | | ४१,५१,५८,१६२.९२ | ४४,३०,१३,६०१.६० | ३२,२२,७७८ | ४४,६२,३६,३७९.६० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,२५,८३,५०० | १२,८७,२६,४३३.७० | ० | १२,८७,२६,४३३.७० | ११,७०,७२,००२.७१ | ० | ११,७०,७२,००२.७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,३४,७०,३६६ | ११,३६,६९,३१३.२६ | ० | ११,३६,६९,३१३.२६ | ८,८३,६१,८८५.९३ | १०,८८,६६७ | ८,९४,५०,५५२.९३ |
| २५००० सहायता (Subsidy) | १८ | १,३०,७९,००० | ० | ० | ० | ३०,३५,७६४ | ० | ३०,३५,७६४ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ३२,६८,४०१ | ० | ३२,६८,४०१ |
| २७००० सामाजिक सुरक्षा | १८ | ३,१९,५४,००० | २,८१,४८,२२२ | ० | २,८१,४८,२२२ | ७९,३९,९०१.९९ | ० | ७९,३९,९०१.९९ |
| २८००० अन्य खर्च | १८ | १,२७,४३,२१५.९६ | १,२६,३५,४८२.९६ | ० | १,२६,३५,४८२.९६ | १६,०६,६५६ | ० | १६,०६,६५६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,२५,१९,००० | १३,१९,७८,७११ | ० | १३,१९,७८,७११ | २२,१७,२८,९८९.९७ | २१,३४,१११ | २२,३८,६३,१००.९७ |
| ३३००० दायित्व | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ४,२१,५९,४६१ | २,५३,१८,७८५.२८ | १,९२,५१,१०६ | ४,४५,६९,८९१.२८ | ४६,५८,४१,१२४.१० | ७९,०५,११३ | ४७,३७,४६,२३७.१० |
| कोषहरु | | ४,२१,५९,४६१ | २,०१,६१,२५९ | १,९२,५१,१०६ | ३,९४,१२,३६५ | २,१६,३०,६२५.५० | ४६,८२,३३५ | २,६३,१२,९६०.५० |
| धरौटी | | ० | ६२,६४,१४५.२८ | ० | ६२,६४,१४५.२८ | ११,९६,८९७ | ० | ११,९६,८९७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (११,०६,६१९) | | (११,०६,६१९) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,१९,४९,५७१.९३) | ९,०६,१६,०७३.३२ | ६,७३,०४२.४७ | ९,१२,८९,११५.७९ | २,५८,०५,८७२.६९ | २,५७,९०७ | २,६०,६३,७७९.६९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>४,८५,३६,३२२.४५</td><td></td><td>४,८५,३६,३२२.४५</td><td>४,९२,०४,२५१.२४</td><td></td><td>४,९२,०४,२५१.२४</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(३,१९,४९,५७१.९३)</td><td>१३,९१,५२,३९५.७७</td><td>६,७३,०४२.४७</td><td>१३,९८,२५,४३८.२४</td><td>७,५०,१०,१२३.९३</td><td>२,५७,९०७</td><td>७,५२,६८,०३०.९३</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>१४,०१,६९,६५७.२४</td><td></td><td>१४,०१,६९,६५७.२४</td><td>५,४७,७३,०२७.१०</td><td></td><td>५,४७,७३,०२७.१०</td></tr>
</table>
कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।<br>
क) सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार २०७८ आषाढ मसान्तको मौज्दात रु ५,४७,७३,०२७.१० रहेकोमा यो वर्ष २०७८ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु ४,८५,३६,३२२.४५ सारेकोले रु ६२३६७०४.६५ घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले एकिन गर्नु पर्दछ ।<br>
ख) एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु ६४५५३५४१०।६९ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति कोलम अनुसार रु ५५,१०,१७,१६९.९९ देखाएकोले कार्यालयको आम्दानीमा रु ९४५१८२४०।७० फरक परेकोले एकिन गर्नुपर्दछ।<br>
ग) कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु १३४७३२६७१।४० रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी बैंक तथा नगद मौज्दात रु १४,०१,६९,६५७.२४ रहेकोले रु ५४३६९८५।८४ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ।<br>
घ ) पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सुत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु ५८८३८३२८। प्राप्त भई खर्च भएकोमा सुत्र प्रणालीमा समावेश गरेको छैन। पालिकामा प्राप्त हुने सबै प्रकारका रकम अनुदान सुत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण -</td><td></td></tr>
<tr><td>३.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| ३.२ | | | **सेवा प्रवाह** – सुशासन (व्यवस्था पन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष १ घरनक्सा पास र ११३७ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| ३.३ | | | **जिन्सी निरीक्षण :** पालिकाले जिन्सी व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली जस्ता सफ्टवेयर प्रयोगमा ल्याएको पाइएन । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७८।७९ मा जिन्सी निरिक्षण गरी प्रतिवेदनले औंल्याएका कैफियतहरुलाई समयमै सम्बोधन गरेको पाइएन । उल्लिखित कमजोरीहरु समयमै सुधार गरी जिन्सी समानहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| ३.४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ३.५ | | | **फरक कार्यमा खर्च**-५१३।२०७९।२।१३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ (१) अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट कार्यक्रम र उपलब्ध श्रोत समेतको आधारमा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । न्यायीक समिति, नगर प्रमुख सचिवालय, नगर उपप्रमुख सचिवालय व्यवस्थापन सम्वन्धि कार्यक्रममा रु १००००००।०० विनियोजन भएकोमा उग्रतारा ट्रेडिङ हाउसलाई कार्यालय सामाग्री खरिदको विल भुक्तानी गरी रु ४२७१४०।०० खर्च लेखेको देखियो । तोकिएको कार्यक्रममा खर्च लेख्नुपर्नेमा फरक कार्यमा खर्च देखाएको नियमित नदेखिएको रु.<br>३.५.१ \| तोकिएको कार्यक्रममा खर्च लेख्नुपर्नेमा फरक कार्यमा खर्च देखाएको नियमित नदेखिएको \| ४,२७,१४० | ४२७,१४० |
| ३.६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,२५,७५,००० | २,९३,७२,४५२ | ७.०७ |
| २ | पूर्वाधार विकास | ८,५२,९५,००० | ४,९६,३९,२२४ | ११.९६ |
| ३ | सामाजिक विकास | २९,८८,५२,००० | २२,१४,४१,४१८.१५ | ५३.३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०,०</td><td>०,०</td><td>०,०</td></tr><tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२,९०,३५,०००</td><td>२,०७,३५,८१८</td><td>४.९९</td></tr><tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>११,०५,९२,०८१.९६</td><td>९,३९,६९,२५०.७७</td><td>२२.६३</td></tr><tr><td colspan="2">**जम्मा**</td><td>**५६,६३,४९,०८१.९६**</td><td>**४१,५१,५८,१६२.९२**</td><td>**१००.००**</td></tr></table> | |
| ४ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** | |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २४ (करार बाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ४.२ | | | **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु. १,६५,४७,००६.३० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ । | |
| ४.३ | | | **कर्मचारी करार** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव | ४,२२३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले शहरी स्वास्थ्य केन्द्रमा 20 जना, नगर स्वयम सेवक शिक्षक 48 जना र अन्य ११ जना समेत ७९ जना कर्मचारीहरु करारमा राखि रु.२,११,५९,०००। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको शहरी स्वास्थ्य केन्द्रमा विभिन्न पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.४२२३०००। भुक्तानी गरेको अनियमित दिखएको रु.<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **रकम**<br>४.३.१ \| दरवन्दी वेगर करार नियुक्ति गरी भुक्तानी गरेको अनियमित देखिएको \| ४२,२३,००० | |
| ४.४ | | | **वडा सचिवको पदपूर्ति** - नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ९ दरबन्दी भएकोमा ४ पदपूर्ति भई ५ रित्त भएको देखियो । | |
| ५ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br><br>पालिकाको वित्तीय विवरण सम्बन्धमा देखिएका आन्तरीक नियन्त्रण व्यवस्था निम्नानुसार छन् | |
| ५.१ | | | स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेमा कार्यालयको बार्षिक कार्यक्रम तथा योजना परीक्षण गर्दा समपुरक अनुदानवाट सञ्चालन हुने कार्यक्रम बार्षिक योजनामा समावेश गरेको देखिएन । अनुदान प्राप्त भई सो वाट सञ्चालन हुने योजना कार्यक्रममा समावेश हुनु पर्दछ । | |
| ५.२ | | | प्रदेश समपुरक अनुदानको लागत साझेदारीमा प्रदेशको ४० प्रतिशत र पालिकाको ६० प्रतिशत साझेदारी रहने कार्यविधिमा उल्लेख भएको र संघीय समपुरकको हकमा संचालन हुने योजनाहरुमा ५० प्रतिशत अनुदानवाट प्राप्त हुने रकम र ५० प्रतिशत पालिकाको समपुरक योजनाको लागि छुट्टयाईएको रकमबाट खर्च गरिनु पर्दछ । यस वर्ष समपुरक अनुदान वापत रकम प्राप्त भएकोमा समपुरक अनुदान कार्यविधि बमोजिम तोकिएको साझेदारी भएको पाईएन । तोकिएको साझेदारी हुनुपर्दछ । | |
| ५.३ | | | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको रु ७३१३३५८६ लेखापरीक्षण अवधि सम्म फिर्ता गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट तथा कार्यक्रम**<br><br>पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका नियन्त्रण व्यवस्था निम्नानुसार छन् : | |
| ६.१ | | | **बजेट सिमा निर्धारण समिति –** स्थास्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम स्थानीय तहले बजेट सिमा निर्धारण समिति गठन गरी आयको प्रक्षेपण, सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण भएको देखिएन । समितिले ऐन अनुसारका कार्य गर्नुपर्दछ । | |
| ६.२ | | | **बजेट तर्जुमा –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । बजेट तर्जुमा समिति बैठक ७ पटक बसेपनि गरी आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा, कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने तयार गरेको देखिएन । ऐन अनुसारका कार्य गर्नुपर्दछ । | |
| ६.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नु पर्दछ । कार्यालयले आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरेको तथा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य तथा दिगो विकासको लक्ष्य बमोजमि योजनाहरु आन्तरीकिकरण गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ। | |
| ६.४ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन । नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार तयार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ६.५ | | | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७६।३।७ मा नीति कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन सभामा पेश गरी पारित गरेकोमा नगर उपप्रमुखले आय तर्फ रु ५० करोड ६५ लाख ७७ हजारको अनुमान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरे पनि व्यय अनुमान गरेको देखिएन । सभाले स्वीकृत गरेको बजेट विश्लेषण गर्दा चालु तर्फ रु २८९२२३०००। र पूँजीगत तर्फ रु २६५८२८०००। समेत रु ५५५०५१००० को कार्यक्रम पारित गरेको देखियो ।आय अनुमान भन्दा रु ४८४७४०००। बढी खर्च अनुमान गरेकोले रु ४८४७४०००। को घाटा बजेट पारित गरेको देखियो । साथै कार्यपालिका प्रमुखले मिति २०७८।३।३१ मा रु ४६६३०३०८१।९६ को रकम खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा आय अनुमान भन्दा रु ४०२७३९१८।०४ र पारित खर्च भन्दा रु ८८७४७९१८। घटी रकमको अख्तियारी प्रदान गरेको देखियो । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र पारित वजेट अनुसारकै अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६.६ | | | **गतवर्षको दायित्व –**कार्यलयले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सिमाबाट प्रतिवद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र कार्यक्रमको लागि बजेट स्वीकृत गर्नु पर्दछ । यसवर्ष कार्यालयले बजेट तर्जुमा गर्दा भुक्तानी गर्न वाँकीको कारण उल्लेख नगरी कार्यपालिकाको २०७८।३।२५ को निर्णयानुसार ३ वटा निर्माण कार्यको रु ५२७२०१३।२८, वडा समितिको बैठक भत्ता रु ५६००००। र वाढिपिडितको राहत वापत रु ७८३३१०। समेत रु ६६१५३२३।२८ दायित्व बाँकीको प्रमाणित गरी खर्च लेखेको छ । सम्झौता अविध भित्र काम नगरी अर्को बर्षको लागि दायित्व सिर्जना गरी काम गराएको उचित नदेखिनुका साथै भुक्तानी दिन वाँकीको यथार्थ रकम र सो को पुष्टयाई वेगर भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ६.७ | | | **योजना परिवर्तन –**योजना तर्जुमा प्रकृया पुरा गरी विनियोजन गरिएको कार्यान्वयन गरिनुपर्दछ । सभाले रापक नगाने थापावाडा सडक निर्माणको लागि रु ५ लाख विनियोजन गरेकोमा वडा नं ८ कार्यालयको मिति २०७८।१२।१७ को पत्रानुसार सल्लेनापाटा नुवाकोट बायाँकाटिका पिनाखेत भौनेरा सडक मर्मतकोलागि रु ३६८०००। र बाँकी रु १३२०००।आधारपाने खानेपानी मर्मतको लागि आवश्यक भएको भनी २०७८।१२।२३ को कार्यपालिकाको निर्णय नं ४ अनुसार रकमान्तर गरी खर्च गरेको देखियो ।त्यस्तै २०७८।१२।१४ को कार्यपालिकाको बैठकले सभाले स्वीकृत गरेका २० योजनामा विनियोजित रु ६२२८०००। रकम कार्यान्वयन नगरी अन्य २० योजना तथा कार्यक्रम गर्न रकमान्तर गरेको छ । स्वीकृत योजना कार्यान्वयन नगरी वडाको सिफारिश र कार्यपालिकाको निर्णयको आधारमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण हनुपर्दछ । | |
| ६.८ | | | **रकमान्तर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था रकमान्तर सम्बन्धी विवरण माग भएकोमा लेखापरीक्षणमा पेश भएन । कानून वमोजिम रकमान्तर गर्ने र सो को अद्यावधिक विवरण राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ७ | | | **वित्तीय विवरण परीक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयको वित्तिय विववरण सम्बन्धि नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्नानुसार देखिएको छ । | |
| ७.१ | | | **सञ्चित कोष —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा सञ्चित कोष रहने र जुनसुकै रकम सञ्चितकोषमा आम्दानी जनाएर खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले सञ्चित कोषमा आम्दानी बाँध्दा आम्दानी बाँध्न छुट भएको रकम मासिक रुपमा बैक हिसाव मिलान विवरण तयार गरी खाता अद्यावधिक गर्नुपर्नेमा व्यवस्था छ । पालिकाको सञ्चित कोष खाताको परीक्षण गर्दा प्राप्त निकासा तथा आम्दानी संचित कोषमा आम्दानी बाँधे पनि खर्च शिर्षक नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरेको छैन । कोलेनिकाले दिएको भन्दा घटी या वढि आम्दानी बाधेको छ भने सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिम विवरणहरु तालुक निकायमा पठाउनु पर्दछ । | |
| ७.२ | | | **खर्च खाता फ्रिज नगरेको** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खाताहरुमा रु. ५२५९३६९९।८९ र पूँजीगत खर्च खाताहरुमा रु. ६,१७,७४,०२९।३० समेत रु. ११,४३,६७,७२९।१९ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ । | |
| ७.३ | | | **घटी बढी आम्दानी बाँधेको-** कार्यालयले सञ्चित कोषमा आम्दानी बाँध्दा कोलेनिकाले दिएको निकासा अनुसार आम्दानी बाँध्नु पर्दछ । कोलेनिकाबाट प्राप्त दातृ निकायगत बजेट र खर्चको आर्थिक विवरण अनुसार संघीय सशर्त अनुदानमा रु २६५५७९०००। निकासा दिएकोमा कार्यालयले संचित कोषमा रु २७६०७९०००। आम्दानी बाँधेको, प्रदेश समानिकरणमा ८११४०००। निकासा दिएकोमा रु १०१४२५००।, प्रदेश विशेषमा ७००००००। निकासा दिएकोमा रु ६४१८०००। आम्दानी बाँधको तथा प्रदेश समपुरकमा रु ८२१४०००। निकासा दिएकोमा रु ७५३१५००। आम्दानी जनाएको छ । सञ्चित कोषमा घटी बढी आम्दानी जनाउँदा संचितकोषको आम्दानी खर्च यथार्थपरक नहुने हुँदा आय व्यय लेखाँकन ठिक छ भनी आशस्वत हुन सकिएन । यथार्थ लेखाँकन हुनुपर्दछ । | |
| ७.४ | | | स्थानीय तहले पेश गरेको कोषहरुको कारोवारलाई शुत्रमा आवद्ध गरी अद्यावधिक हिसाव मिलान गर्नु पर्दछ । पालिका अन्तर्गत रहेको कोषहरुको हिसाव सुत्र प्रणालीमा आवद्ध गरेको छैन । पालिकाका सवै कोषहरु सुत्र प्रणालीमा आवद्ध गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.५</td><td></td><td></td><td>बैंक हिसाव मिलान —स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ २ बमोजि स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारीशमा महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । त्यस्तै स्थानीय तहमा रहेका कोषहरुको कारोवारलाई समेत सुत्रमा आवद्ध गराई मासिक रुपमा श्रेष्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा देहाय बमोजिमको खातामा बैंक तथा श्रेष्ताको मौज्दातमा फरक देखिएकोमा बैंक हिसाव मिलान विवरण तयार गरेको छैन । कोलेनिकाबाट प्राप्त निकासा भन्दा सञ्चित कोषमा बढी आम्दानी बाधेको र खर्च खातामा सोही अनुसार ट्रान्सफर गरेकोले बैंक घटी देखिएको कार्यालयको भनाई रहेको छ । फरक रकमको हिसाव मिलान विवरण तयार गरी पेश हुनुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>खाताको नाम</th><th>श्रेष्ता अनुसार बाँकी</th><th>बैंक अनुसार बाँकी</th><th>बैंक घटी/ बढी</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>५२५९३६९९.८९</td><td>४५६११७५८।०१</td><td>६९८१९४१.८८</td></tr>
<tr><td>२</td><td>पूँजीगत खर्च खाता</td><td>६१७७४०२९.३</td><td>५७५५३३४७.३</td><td>४२२०६८२</td></tr>
<tr><td>३</td><td>सञ्चित कोष खाता</td><td>३४३०४२१.४७</td><td>३२७५०००.०१</td><td>१५५४२१.४६</td></tr>
<tr><td>४</td><td>धरौटी खाता</td><td>१५५२७००५.७१</td><td>१२८४४३८०.७१</td><td>२६८२६२५</td></tr>
<tr><td>५</td><td>आन्तरीक राजश्व खाता</td><td>५७८४८९.५५</td><td>५७८४८९.५५</td><td>०</td></tr>
<tr><td>६</td><td>कार्यसञ्चालन कोष</td><td>२७६५१६६.६७</td><td>१०५७९६९४.५३</td><td>७८१४५२७.८६</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.६ | | | **दायित्व** - कार्यालयले बिभिन्न भुक्तानी दिंदा कट्टा गरेको अग्रिम कर, सामाजिक सुरक्षा कर बहाल कर धरौटी तथा मू.अ.कर कानूनले तोके बमोजिम सम्बन्धित कर शिर्षकमा समयमै दाखिला गर्नुपर्दछ । कार्यालयको सुत्र सफ्टवेयरको अनुसूची २७२ अनुसार बिभिन भुक्तानीमा कट्टा गरेको अग्रिम कर, सामाजिक सुरक्षा कर बहाल कर धरौटी तथा दायित्व मौज्दात रहेको देखिएकोले दाखिला गर्न बाकी सबै रकम सम्बन्धित खातामा जम्मा गरिनुपर्दछ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछः-<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको,<br>• नगर प्रमुखको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, नगर सभाबाट स्वीकृत गर्नुपर्ने,<br>• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• वितरणमूखी कार्यक्रमलाई संचालन गरेको,<br>• पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,<br>• स साना योजनालाई प्राथमिकता दिएको,<br>• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,<br>• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।<br>• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।<br>• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।<br>• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।<br>• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।<br>• कोषहरुको कार्यविधि कानून नवनाएको,<br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,<br>• कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको,<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको,<br>• संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको,<br>• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,<br>• कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,<br>• उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,<br>• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,<br>• सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको<br>• प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको<br>• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,<br>• एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,<br>• विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको, •<br>कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको,<br>• उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,<br>• सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,<br>• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,<br>• लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको<br>• जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको,<br>• आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको,<br>• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको ,<br>• समयमा पेश्की फछ्र्यौट नगरेको,<br>• केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको,<br>• नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको,<br>• ईन्धन खर्चको लगबुक नराखेको,<br>• कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने<br>उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **मर्मत आदेश -**<br><br>**मर्मत आदेशः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. 415 तयार नगरी सवारी साधन मर्मत रु.७१८७१०.०० र मेशिनरी तथा औजार मर्मत संभार रु.१२,७१,२५५।०० समेत रु.१९,८९,९६५.५४ खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण -</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले यस कार्यालयको केन्द्रिय र प्रदेश बजेटको निकासा तर्फको आन्तरीक लेखापरीक्षण गरेतापनि पालिका बजेटको लेखापरीक्षण भएको छैन । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>बार्षिक आर्थिक कारोवारको प्रतिवेदनः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>लक्ष्य प्रगति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये ३१५ आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>३१५</td><td>१३१९७ ८७११</td><td>५९</td><td>६</td><td>६</td><td>१३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कानून निर्माण एवं कार्यान्वयन -** | |
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप नभएको १ वटा मात्र फछ्र्यौट भई ३ बाँकी रहेको विवरण पेश गरेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११.२ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ३ वटा नियमावली, ३८ कार्यविधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १२ | | | **आयोजना अनुगमन** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रायजसो वडास्तरिय कार्यक्र मा वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप-नगर प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सबै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ । | |
| १३ | | | **आर्थिक सहायता र विविध खर्च -** | |
| १३.१ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न संस्था तथा व्यक्तिलाई विपन्न नागरिक उपचार सहायता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोषबाट रु. ६२३५००।०० र उद्दार, राहत तथा पुनर्स्थापना खर्च बाट रु १६११५० समेत जम्मा रु ७८४६५०।०० आर्थिक सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरणलाई कार्यविधिव्दारा व्यवस्थित बनाई यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३.२ | | | **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।त्यस्तै महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । त्यस कार्यालयको विविध खर्च शिर्षकमा रु. १४६९४१६।- खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा यस अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । | |
| १४ | | | **धरौटी श्रेस्ता अद्यावधिक नभएको -** | |
| १४.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची—१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची—११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैङ्क नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्ने, प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटीको मास्केवारी महिना भुक्तान भएको मितिले सात दिनभित्र र धरौटीको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालय वा विभागमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले धरौटीको खाता अद्यावधिक गरेको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |
| १४.२ | | | **चौमासिक खर्च**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.१३ करोड १९ लाख ७९ हजार मध्ये तेश्रो चौमासिकमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.९ करोड ७९ लाख ५१ हजार र आषाढ महिनामा रु.५ करोड २४ लाख ९ हजार खर्च भएको पाइयो । जस अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ७४.४२% र आषाढमा ३९.७२% खर्च भएको देखियो । अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ। | |
| १४.३ | | | **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. १४२७०५।७८ आम्दानी र खर्च नगरी रु १४२७०५।७८ बाँकी रु. १४२७०५।७८ देखिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १५ | | | **आयोजनाको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सबै प्रकृतिका आयोजनामा गुणस्तर परीक्षण अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौच र नम्बर</th><th>भौच र मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>मौज्दात रकम<br><br>अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ । कार्यालयको सुत्र सफ्टवेयरको अनुसूची २७२ विश्लेषण गर्दा प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>संचित कोष फिर्ता गर्नुपर्ने - को.ले.नि.का.बाट प्राप्त दातृ निकायगत बजेट निकासा र कार्यालयको सुत्र सफ्टवेयरको श्रोतगत खर्च प्रतिवेदन अनुसार सशर्त विशेष र समपुरक र प्रदेश सशर्त विशेष र समपुरक शिर्षकमा निम्नानुसार मौज्दात रहेकोमा लेखापरीक्षणले औल्याएपछि रु. ४,१३,६८,१५३.४५ संघिय सञ्चित कोषमा फिर्ता गरेको र बाँकी रकम स्थानीय सञ्चित कोषमा राखेको देखिएकोले सम्बन्धित सरकारको सञ्चित कोष फिर्ता फिर्ता दाखिला हुनुपर्ने रु.<br><table>
<tr><td>विवरण</td><td>कोलेनिकाबाट प्राप्त विवरण अनुसार निकासा रकम</td><td>सुत्र सफ्टवेयर अनुसार श्रोतगत खर्च रकम</td><td>फिर्ता गर्नुपर्ने रकम</td></tr>
<tr><td>संघीय शसर्त अनुदान</td><td>२६५५७९०००</td><td>२०८६६३४४५ ।५५</td><td>१५५४७४००</td></tr>
<tr><td>संघीय विशेष अनुदान</td><td>११२०००००</td><td>५४८२८२४</td><td>५७१७१७६</td></tr>
<tr><td>संघीय समपुरक अनुदान</td><td>२२०००००</td><td>१९६६८६०</td><td>२३३१४०</td></tr>
<tr><td>प्रदेश विशेष अनुदान</td><td>७००००००</td><td>१२९२६५०</td><td>५७०७३५०</td></tr>
</table></td><td>३१,७६५,४३३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>प्रदेश समपुरक अनुदान</td><td>८२१४०००</td><td>३६५३६३४</td><td>४५६०३६६</td></tr>
<tr><td></td><td>२९४१९३०००</td><td>२२१०५९४१४</td><td>३१७६५४३३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>संघीय सरकार हस्तान्तरीत पूँजीगत अनुदान तर्फ भौ नं ३६- २०७९।३।३० बाट मेलकाँध सहरी स्वास्थ्य केन्द्रको प्राविधिक मूल्याँकन अनुसार १०२२६९५। खर्च लेखेमा बैंक भुक्तानी नभई बैंक मौज्दातनै रहेकोले संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु</td><td>१,०२२,६०५</td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>कार्यालयले पेश गरेको सुत्र सफ्टवेयरको सवै शिर्षकको चालु खर्च रु २८३१७९४५१।९२ रहेको छ । तर श्रावण १५ को बैंक स्टेटमेण्ट अनुसार चालु खर्च खातामा रु ३३००६४३७३।६० आम्दानी रहेको र कार्यालयले फिर्ता गर्नुपर्ने देखाएको रु ४५६११७५८।०१ घटाई रु २८४४५२६१५।५९ बरावर खर्च रहनु पर्नेमा चालु खर्च खाताबाट देखिएको खर्च भन्दा रु १२७३१६४। बढी मौज्दात रहेको देखिएको सो सम्बन्धमा कार्यालयले यकिन गरी सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>१,२७३,१६४</td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>दायित्व - कार्यालयले बिभिन्न भुक्तानी दिंदा कट्टा गरेको अग्रिम कर, सामाजिक सुरक्षा कर बहाल कर धरौटी तथा मू.अ.कर कानूनले तोके बमोजिम सम्बन्धित कर शिर्षकमा समयमै दाखिला गर्नुपर्दछ । कार्यालयको सुत्र सफ्टवेयरको अनुसूची २७२ अनुसार बिभिन भुक्तानीमा कट्टा गरेको अग्रिम कर, सामाजिक सुरक्षा कर बहाल कर धरौटी तथा मू.अ.कर रु. ११,०६,६१९।- दायित्व मौज्दात रहेको देखिएकोले यकिन गरि सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने देखिएको रु</td><td>१,१०६,६१९</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कट्टी रकमः बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो त्रैमासिकको तलब भत्ता वितरण गर्दा हाजिरी विवरण, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था छ । बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा शिक्षकहरूको अघिल्लो त्रैमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन । उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>दरवन्दी मिलानः शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको सङ्ख्या यकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कुनै विद्यालयमा शिक्षक बढी हुने र कुनै</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा रकम वास्तबिक हो भनी यकिन गर्न सकिएन । | |
| १९ | | | **बिद्यालयगत निकासाः** पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरू देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरूको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अतः बिद्यालयलाई जाने सबै रकमहरू देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ । | |
| २० | | | **सेनिटरी प्याड :**<br><br>सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन लोमस सर्जिकल हाउस, नेपालगंजबाट गोश्वारा भौचर नं २४९।२०७९-०३-२५ बाट प्रति सेनिटरी प्याड रु. ७०।०० (मूअकर वाहेक) का दरले १९७६८ प्याकेट जम्मा रु. १५,६३,६४०। (मूअकर समेत) मा खरिद गरिएको छ । सो सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् : | |
| २०.१ | | | **लागत अनुमान तयार नगरी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन । नियमावलीमा भएका व्यवस्थाहरूको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ । | |
| २०.२ | | | **अनुगमन प्रतिवेदन** : खरिद गरिएका स्यानीटरी प्याड जिन्सी खातामा आम्दानी बाँधी किशोरावस्थाका छात्राहरूलाई वितरण गर्न सामुदायिक विद्यालयलाई हस्तान्तरण गर्नुपर्दछ । सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार सामुदायिक विद्यालयमा आपूर्ति | १,५६३,६४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएका सेनिटरी प्याड छात्राहरूले सुलभरूपमा प्रयोग गर्न पाए नपाएको सुनिश्चितता गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको हुन्छ । सम्बन्धित विद्यालयमार्फत छात्राहरूलाई वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | |
| २०.३ | | | **स्पेशिफिकेशन उल्लेख नगरेको** : कार्यालयले आपूर्ती भएका सेनिटरी प्याड तोकिएको गुणस्तरअनुरूप भए नभएको परीक्षण गरी प्रतिवेदन पेस गरेको छैन । | |
| २१ | | | **कक्षा ८ परीक्षा सञ्चालन खर्च :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार इमिस तथ्याङ्कअनुसार कक्षा ८ मा अध्ययनरत विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी रु २५० कक्षा ८ को परीक्षा सञ्चालन खर्च सकिने व्यवस्था छ । इमिसअनुसार यस पालिकाभित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थी सङ्ख्या ५६५ रहेकोमा जम्मा रु १४२००० परीक्षा सञ्चालन खर्च लेख्न मिल्दछ । गोश्वारा भौचर नं १८७।०२-०६ बाट कक्षा ८ परीक्षा सञ्चालनमा रु १५७०८१ खर्च लेखेकोमा पुस्तिकाअनुसार १५,७९१ बढी खर्च लेखेको छ । नियमविपरित बढी खर्च लेखेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १५,७९१ |
| २२ | | | **एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८।७९) मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २५०। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी सङ्ख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| २३ | | | **चालु खर्च भुक्तानी -** | |
| २३.१ | | | **इन्धन खर्चको मापदण्ड -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन पदाधिकारी रु. ७१८७१०.००,र इन्धन कार्यालय प्रयोजन रु ४२००००.०० समेत रु. ११३८७१०.०० इन्धन खर्च गरेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| २३.२ | | | **कार्यालय सम्बन्धि खर्च -** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु. ५२७८०३०.00 खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ । | |
| २३.३ | | | **सवारी साधन भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ भै नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने,२० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यावस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी रु ६,९०,८००। सवारी भाडा खर्च लेखेको नियमित नदेखिएको रु. | ६९०,८०० |
| २३.४ | | | सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ अनुशार नगर प्रमुखको सेवा सुविधा अन्तर्गत अतिथि सत्कार मासिक रु ११००० उल्लेख भएकोमा पुनः क्रियाकलाप नं २७२ बाट नगर प्रमुखको तोक आदेश बमोजिम पाहुनाको सत्कार र विविध खर्चमा रु. ६०००००। बजेट बिनियोजन गरी बिभिन्न गोश्वारा भौचरबाट चिया,नास्ता इन्धन लगायतमा रु ५९९७३३।०० खर्च गरेको देखियो । नगर प्रमुखको तोक आदेश बमोजिम पाहुनाको सत्कार र विविध खर्च उल्लेख गरि बजेट बिनियोजन गर्ने कार्यमा नियन्त्रण गरी खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण हुनुपर्ने रु. | ५९९,७३३ |
| २३.५ | | | **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ८,२५,८७३.२० खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । | |
| २४ | | | **बितरणमुखी कार्यक्रम -** | |
| २४.१ | | | **बाखा खरिद तथा वितरण -** ५५९।२०७९।३।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी विभिन्न कर्मचारीबाट नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अति विपन्न महिलालाई उन्नतजातका बाखा वितरण गरिब, विपन्न, महिला तथा दलित वर्गलाई आयआर्जनमा टेवा पुर्‍याउने उद्देश्यले उन्नतजातका बाखा खरिद गरी वितरण गरेकोमा बाखाको प्रजाति, स्रोत केन्द्र, जात उल्लेख नगरी, लागत अनुमान समेत तयार नगरी, समाजसुधार महिला कृषि सहकारिलाई अनुदान रकम भुक्तानी गरी रु ५०००००। खर्च गरेको छ । खरिद तथा वितरण भएका बाखाको वीमा नगरेको, भेटेनरीबाट जाँचपास नगराएको, बाखा वितरणका लागि छनौट भएका व्यक्तिहरूको आधार तयार नगरेको र वितरित बाखा कुन अवस्थामा रहेका छन्, कार्यालयबाट अनुगमन तथा निरीक्षण समेत भएको नदेखिएकोले कार्यक्रमको लिएको लक्ष्य बमोजिम उद्देश्य पुरा होला भन्न सक्ने अवस्था समेत देखिएन । कार्यक्रमको उद्देश्यको अनुसार बाखा पालन भए नभएको यकिन गरी अनुदान रकमको सही प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ । | |
| २४.२ | | | **घरभाडाः** पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु १२,००,०००.०० र जग्गा भाडामा रु ४०००००।०० खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको सम्झौता पेश नभएकोले भुक्तानी भएको मासिक दर र कुल रकम यथार्थ हो भनी एकिन गर्न सकिएन । खर्च लेख्दा सम्झौता लगायतका कागजात संलग्न नगर्ने तथा लेखापरीक्षणमा पेश नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ । | |
| २४.३ | | | **परामर्श सेवाः** २८३।२०७८।१०।२४ सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको परामर्श सेवाको मार्तडी फुलचडाउना जडाङ्गा कोर्ध र ढुंगा गिट्टी बालुवाको प्रारम्भिक वाताबरणीय परिक्षण गरेवापत एच.आइ विल्डर्स एण्ड कन्सल्टयान्ट प्रा.लिलाई रु. ५९२५०३। भुक्तानी दिएको छ। आईई प्रतिवेदन निश्चित अवधिको लागि तयार हुने र सो अवधि भित्र प्रतिवेदनले उल्लेख गरेको परिमाणमा प्राकृतिक श्रोतको विक्रि वितरण गरिसक्नु पर्नेमा उक्त क्षेत्रमा ठेक्का व्यवस्थापन गरी यस | ५९२,५०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वर्ष ढुङ्गा गिट्टी विक्रि गरेको देखिएन । ठेक्का व्यवस्थापन नभएको देखिंदा परामर्श सेवाबाट खर्च भएको रकम उपयुक्त नदेखिनुका साथै प्रारम्भिक वाताबरणीय परिक्षण अध्ययन प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले पेश हुनुपर्ने देखिएको रु. | |
| २४.४ | | | **बितरणमुखी कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । साथै समानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुरुप लागत अनुमान समेत तयार नगरी खरिद गरेको देखिन्छ । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने र खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रिया समेत पुरा नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |

| कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|
| ९ वडामा खेलकुद सहयोग र सञ्चालन अनुदान | खेलकुद सामाग्री वितरण | ४५२०००.०० |
| वडा स्तरिय दिवश समारोह तथा चाडपर्व मनाउन सहयोग | दिवश समारोह तथा चाडपर्व मनाउन सहयोग | ३५००००।०० |
| ९ वडामा जेष्ठ नागरिक सम्मान कार्यक्रम | विभिन्न कम्मल व्लाङ्केट लगायत विभिन्न सामाग्री वितरण | २०००००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **भ्रमण अभिलेख एवं प्रतिबेदन -**<br><br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु. ३१७१८२३.00 खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय -</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>सेवा प्रवाह र आम्दानी - पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०७८।०७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>२२१०५९४२०।</td><td>६३५३४२८।३९</td><td>२.८७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८७ प्रतिशत मात्र रहेको छ । पालिकाले यो बर्ष कुल रु ३९३३५५१००.०० आन्तरिक आय हुने अनुमान गरेकोमा कुल रु ६३५३४२८।३९ आय प्राप्त भएको देखिन्छ । पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा एकमुषठ आय जनाएको तर कुन शिर्षकमा के कती आम्दानी भयो भनी नखुलाएकोले शिर्षकगत आय सम्बन्धमा बिष्लेषण गर्न सकिएन । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १० वटा वडा पालिका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| २६.४ | | | **नदिजन्य पदार्थको ठेक्काः** नगरपालिकाको आर्थिक बर्ष २०७८।७९ को आम्दानी रु.६१८०५०। रहेको छ । आन्तरिक आम्दानीको तुलनामा नगरपालिकाको चालु खर्च तथा पदाधिकारीहरुको खर्च बृद्धि भै रहेको छ ।नगरपालिकाको कार्य क्षेत्र रहेको बुढीगंगा नदीबाट प्राप्त हुने नदिजन्य पदार्थ ढुङ्गा गिट्टि बालुवाको EIA तथा IEE गरी बार्षिक रुपमा प्राप्त हुन सक्ने परिमाण एकिन गरी ठेक्का पट्टाको माध्यमबाट रकम प्राप्त गरी आय श्रोत बढाउन सकिने अवस्था रहेको छ । सो नदीबाट प्राप्त हुने नदि जन्य पदार्थको समयमा नै ठेक्का पट्टा गरी आय श्रोत प्राप्त गर्ने तर्फ नगरपालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| २६.५ | | | **सवारी कर / मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने र दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने मनोरञ्जन र सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २६.६ | | | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २६.७ | | | **रसिद नियन्त्रण खाता नरहेको** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । . नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राखुपर्दछ। गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । नगर पालिकाले यो बर्ष प्राप्त भएको आम्दानी रु. ६३५३२७५। को हकमा सवै नगदी रसिद संकलन गरी वास्तविक आय एकिन गर्नुपर्ने देखिन्छ । | |
| २६.८ | | | **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| २७ | | | **एकीकृत स्वास्थ्य पूर्वाधार**<br><br>मार्तडी स्वास्थ्य चौकी १० सैया अस्पताल निर्माण कार्यको लागि राजेन्द्र- डि. वि. जे. भी. ले कवोल गरेको रु ८८७२६२१९।६८ मा सम्झौता मितिले १८ महिना भित्र सम्पन्न गर्ने गरी २०७८।२।५ मा सम्झौता भएको थियो उक्त निर्माण सम्झौता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| २७.१ | | | **निर्माण स्थलको व्यवस्था** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थल व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुखविरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ ।निर्माण व्यवसायी संग अस्पताल निर्माण कार्यको ठेक्का सम्झौता भई गतवर्ष रु ८३५१६८७। पेश्की दिएपश्चात कार्यपालिकाको मिति २०७८।११।१८ को निर्णय अनुसार अस्पताल निर्माणको लागि आवश्यक जग्गा प्रवन्ध गर्न प्रचलित दररेट अनुसार जग्गा प्राप्ती गर्ने प्रकृया आरम्भ गर्ने निर्णय गरेको र आ व २०७८।७९ सम्म जग्गा प्राप्ति भएको देखिएन । निर्माणस्थलको सुनिश्चितता नभई ठेक्का व्यवस्थापन गरेको उचित देखिएन ।ठेक्का व्यवस्थापन गर्दा निर्माण स्थलको सुनिश्चितता गरेर मात्र ठेक्का व्यवस्थापन गर्ने तर्फ कार्यालयको ध्यान पुगेको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| २७.२ | | | **थप पेश्की** – निर्माण व्यवसायीसंग भएको सम्झौताको GCC 49.2 मा the contractor shall demonstrate the advance payment has been used in the way by supplying copies of invoice or other document to the project manager भन्ने व्यवस्था छ । निर्माण व्यवसायीले कृषि विकास | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वैंकको APG 230/0002/5802/21 को २०७८।९।८ देखि २०७९।९।७ सम्म म्याद रहेको जमानत राखी दोस्रो किस्ता पेश्की माग गरेकोमा लेखा शाखावाट यस अघि लिएको पेश्की रकमवाट सम्बन्धित योजनामा खर्च गरेको तथा सम्बन्धित साईटमा सामग्री पुगेको फोटो एवं प्राविधिक शाखावाट प्रगति पेश हुनुपर्ने र पेश्की लिएको ३० दिनभित्रमा कार्य प्रारम्भ भएको सुनिश्चित हुनुपर्नेमा नभएको र सो प्राप्त भएपछि मात्र थप पेश्की दिन मिल्ने राय पेश गरेकोमा सो विपरित भौ नं १-२०७९।२।१२ बाट थप रु ६००००००। पेश्की दिएको छ । कार्यपालिकाको निर्णय अनुसार निर्माणस्थलमा जग्गा व्यवस्थापन नभएको तथा निर्माण व्यवसायी साईटमा परिचालन नभएको तथा लेखा शाखाको राय विपरित पेश्की दिएको उचित देखिएन । सम्झौताको शर्त र प्रचलित नियम बमोजिम निर्माण कार्य गराई पेश्की फर्छ्यौट गरिनु पर्दछ । | |
| २८ | | | **कालाजाग्रा पर्यटन पार्क तथा पदमार्ग निर्माण**<br><br>कार्यालयले तयार गरेको विस्तृत लागत अनुमान रु ८१६०४७६४।१८ र संस्कृति पर्यटन तथा नगरिक उड्डयन मन्त्रालयको २०७७।११।५ को पत्रानुसार रु ६९८०००००। लागत रहेको कालाजाग्रा पर्यटन पार्क तथा पदमार्ग निर्माण कार्यको लागि २०७९ फाल्गुण मसान्तसम्ममा सम्पन्न गर्ने तथा नेपाल सरकारले योजनाको ६५.०४ र पालिकाको ३४.९६ प्रतिशत लागत रहने तथा ठेक्का सम्झौता पश्चात मन्त्रालयले २० प्रतिशत रकम पालिकालाई उपलव्ध गराउने पत्र अनुसार कार्यालयले ठेक्का व्यवस्थापनको लागि ६९७३४४३६। लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा स्काई धुलिखेल प्याराडाईज जेभीले कवुल गरेको रु ४८७६२११६। मा सम्झौता गरी रु ६३३९०००। पेश्की दिएको छ । उक्त निर्माण सम्झौता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| २८.१ | | | **बहुबर्षिय सम्झौता** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१(१) अनुसूची ३ (ग) बमोजिम बार्षिक खरिद सम्झौता गरी खरिद गर्नुभन्दा बहुबर्षिय सम्झौता गरी खरिद गर्दा सार्वजनिक निकायलाई सारभूत रुपमा लाभ हुने भएमा, खरिदको परिमाणमा सारभूत रुपमा थपघट नहुने भएमा बहुबर्षिय सम्झौता गर्न सकिने व्यवस्था छ । कार्यालयले उक्त निर्माण कार्य बहुबर्षिय सम्झौता गरेकोमा उल्लेखित कानूनी व्यवस्था पालना हुने सुनिश्चत नगरी ठेक्का व्यवस्थापन गरेको छ । कानूनी व्यवस्था पालना हुने सुनिश्चितता गरेर मात्र बहुबर्षिय सम्झौता गरिनु पर्दछ । | |
| २८.२ | | | **बजेट व्यवस्था** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ १ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही गर्न नहुने तथा उपनियम ५ मा बहुबर्षीय सम्झौता बमोजिम गरिने खरिदको लागि अन्य बर्षको लागि खरिद कारवाही गर्दा आवश्यक बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारवाही सुरु गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त ठेक्का व्यवस्थापन गर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योजनामा खर्च हुने बजेटको सुनिश्चितता नगरेको, नगरपालिकाले २०७८।७९ मा बजेट विनियोजन नगरेको तथा मन्त्रालयले यसवर्ष रु ६३३९०००। उपलव्ध गराए पनि थप बजेटको सुनिश्चितता नगरेकोले बजेटको सुनिश्चितता गरेर मात्र बहुबर्षीय ठेक्का व्यवस्थापन गरिनु पर्दछ । | |
| २८.३ | | | **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कवुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कवुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कवुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कवुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार १५ प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा रु ७६९४२००। कार्यसम्पादन जमानत राख्नुपर्नेमा कृषि विकास बैक लिमिटेडको (February 30, 2024) सम्म म्याद भएको रु ६६१००००। मात्र जमानत राखेकोले नपुग रु १०८४२००। को कार्यसम्पादन जमानत राखेको प्रमाण पेस गर्नुपर्ने रु | १,०८४,२०० |
| २९ | | | **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. १६६५६०८। खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा सडक सर्भेको लागी सडक बिभाग, भवनको लागी भवनको नर्मश लगाई लागत अनुमान तयार गर्नुपर्नेमा सो बेगर बढि ब्ययभार पर्ने गरी डोलिडारको नर्मश प्रयोग गरी खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा कार्यरत प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत नदेखिएको रु. | १,६६५,६०८ |

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| २७८-०७९-१-०९ | जे.बि.आर.एस.विल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.ली | सिराडी माउलेख सडकको डि.पि.आर तयारी (५।१ कि.मि) | ४३६८०३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२७६-०७९-०१-०९</td><td>ब्रोदर बिजनेश ग्रुप प्रा.ली</td><td>भिडाबाडी रावलबाडा सडकको डि.पि.आर तयारी (५ कि.मि)</td><td>४६०४७५</td></tr>
<tr><td>२७५-०७९-१-०९</td><td>हन्डिक इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन प्रा.ली</td><td>काँधका डाँडा देखि रस्टिकस्टोर सडकको डि.पि.आर तयारी (५।२कि.मि)</td><td>४७९५६९</td></tr>
<tr><td>३९६-०७९-३-२५</td><td>बडिमालिका इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>सडकको डि.पि.आर तयारी (२।८ कि.मि)</td><td>२८८७६१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१६६५६०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>निर्माण ब्याबसायी मार्फत् कार्य: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ। कार्यालयले निम्नलिखित उपभोक्ता समितिबाट कार्य गराएकोमा उपभोक्ता समितिले कानुनको पालना नगरी निर्माण ब्यबसायीबाट कार्य गराएको अबस्थामा रु. ६४,५५,१२५। भुक्तानी गरेको छ । कानुनमा उल्लेखित ब्यबस्था अनुसार कालोसूचिमा राख्न सिफारिश गरेको प्रमाण सहित कानुनको पालना बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.।मिति</th><th>आयोजनाको नाम</th><th>कामको बिबरण</th><th>खुद काम</th><th>भुक्तानी रकम</th><th>फर्मको नाम</th></tr>
<tr><td>६९-०७८-९-२२</td><td>जडाङ्गामना अन्तर पालिका सडक निर्माण उ.स</td><td>ट्रयाक खोल्ने</td><td>४२९०९६५</td><td>३३९५०००</td><td>डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td></tr>
</table>
</td><td>६,४५५,१२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ८८-०७८-१०-२४ | खेतिपातल देखी नुवाकोट सडक निर्माण उ.स | ट्र्याक खोल्ने | ६३१०७९ | ४८०००० | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ११३-०७८-११-०४ | नियाडा पाटा सडक निर्माण योजना | ट्र्याक खोल्ने | ९४०८५२ | ६९०००० | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ११५-०७८-११-०४ | धटालेश्वरी आधार बिध्यालय | फिल्ड निर्माण | ५४२९५० | ४८०००० | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| १२५-०७८-११-१० | कैलाशमाण्डौ मन्दिर बिधुत लाईन बिस्तार उ.स | बिधुतिय कार्य | ४८५४६५ | ३८८००० | पानस कन्स्ट्रक्सन |
| २४१-०७९-०१-०५ | बिजुली बिस्तार | बिधुतिय कार्य | ३१८४२५ | २५४१२५ | पानस कन्स्ट्रक्सन |
| २६५-०७९-१-०७ | जुगाडा पिप्से सडक निर्माण | ट्र्याक खोल्ने | ६०८४५१ | ४८०००० | बेतालमाण्डौ निर्माण सेवा एण्ड अर्डर सप्लायर्स |
| ३९७-०७९-३-२५ | झराउले रतुडा हुदै लवाकोट चुधी सडक | सडक निर्माण | ३९१७९१ | २८८००० | न्यू प्रकाश डि.वान कन्स्ट्रक्सन |
| | जम्मा | | | ६४५५१२५ | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ। कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ३३ | | | **स्विकृत कार्यक्रम वेगर खर्च**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम अख्तियार प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने, दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत, सीमा र शीर्षक वाहिर गइ बजेट खर्च गर्न नपाइने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्यबस्थाको पालना नगरी निम्नानुसार कार्यक्रम शीर्षक वाहिर गइ बजेट खर्च गरेको, कार्यक्रम संसोधन सभाबाट नभई कार्यपालिकाले पटक पटक निर्णय गरी खर्च गरी रु.२४३०८४७। खर्च गरेको छ । कार्यक्रममा नभएको खर्च कार्यक्रम संसोधन नगरी अन्य कार्यमा खर्च गरेको अनियमित देखिएको रु. | २,४३०,८४७ |

| भौ.नं./मिति | फर्मको नाम | भएकोकामको विवरण | स्विकृत कार्यक्रम | खर्च रकम |
|---|---|---|---|---|
| ३८७-०७९-३-२५ | हरिस कन्स्ट्रक्सन | बालमन्दिर भवन मर्मत | प्रशासनिक भवनको तला थप | ६९७४९२ |
| ४३-०७८-८-१२ | हेमराज उपाध्याय | बाली कटानी कार्यक्रममा रूक्घ्क | ब्यबसायिक कृषि फर्म संचालन गर्ने कृषकसंग लागत साझेदारी अनुदान | २६३४२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७५-०७९-३-२५</td><td>पानस कन्स्ट्रक्सन</td><td>कैलाशेश्वरी मा.बि को प्यारापिट वाल निर्माण</td><td>मना बृहत सिचाई कुलो निर्माण</td><td>६२२३६७</td></tr>
<tr><td>३७९-०७९-३-२५</td><td>एल.बि कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स</td><td>कैलाशेश्वरी मा.बि को प्यारापिट वाल निर्माण</td><td>मना बृहत सिचाई कुलो निर्माण लगायत दुई अन्य कार्यमा बचत भएको रकम</td><td>१६२७२२</td></tr>
<tr><td>१६१-०७८-११-२५</td><td>सौगात निर्माण सेवा</td><td>कार्यालय भवनको पार्टेशन कार्य</td><td>प्रशासनिक भवनको तला थप</td><td>४७२६२८</td></tr>
<tr><td>२२३-०७८-१२-१९</td><td>रतुडा झाल्या सडक मर्मत उ.स</td><td>रतुडा झाल्या सडक मर्मत</td><td>मार्तडी बुढाकोर्ध सडक निर्माण</td><td>४४९२९<br>६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२४३०८<br>४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>न्यूनतम दररेटः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले कैलालीको जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा कैलाली लाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| ३५ | | | **नर्म्समा भिन्नताः** पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ । | |
| ३६ | | | **योगदानः** सूदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ मा समपुरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागतमध्ये चालीस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्थाअनुसार निम्नानुसार निर्माण कार्यमा प्रदेश सरकाबाट प्राप्त बजेटबाट रु ३६५३६३४। खर्च गरेकोमा उल्लेखित ब्यवस्था अनुसार रु. १४६१४५४। प्रदेश समपुरकबाट खर्च लेख्नुपर्नेमा पुरै रकम प्रदेश समपुरकबाट लेखेकोले कार्यविधिभन्दा बढी खर्च लेखेको रु २१९२१८०। प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु. | २,१९२,१८० |

| गो भौ नं मिति | योजनाको नाम | योजनामा भुक्तानी भएको रकम | प्रदेश समपुरक अनुदान खर्च | प्रदेश समपुरकवाट बढी खर्च लेखेको रकम |
|---|---|---|---|---|
| २९८-०७९-१-२३ | जिल्ली माउलेख सिराडी सडक निर्माण | १७५९४१८ | १७५९४१८ | १०५५६५१ |
| ३४७-०७९-३-१७ | मार्तडी बुढाकोर्ध सडक निर्माण | १८९४२१६ | १८९४२१६ | ११३६५२९ |
| जम्मा | | ३६५३६३४ | ३६५३६३४ | २१९२१८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **प्लास्टिक टनेल र विउ हाम्रो अनुदान :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बजेट खर्च बिलभरपाईसहित रीत पुगे नपुगेको जाँच गरी खर्च लेख्नुर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ४१०।०७९।०३।३० मा घर तपाइको प्लास्टिक खोल र विउ हाम्रो अनुदान कार्यक्रम मन्जरी एग्रीकल्चर प्रा.लि.बाट सुपरपोलिन प्लास्टिक टनेल सिट (६x१२ मिटर १२० GSM) १४ थान खरदि गरी रु ९९९९९ र तोरिको विउ २०० केजि प्रतिकेजि रु १२० का दरले रु २४००० समेत रु १२४००० कार्यक्रम सञ्चालन गरी मान बहादुर रावललाई भुक्तानी गरेकोमा खर्चसाथ सामान बुझेको भरपाइ, प्लास्टिक टनेल निर्माण प्राविधिक कार्य सम्पन्न प्रतिवेदन समेत संलग्न भएको नदेखिएकोले कार्यालयअनुसार खर्च गरेको प्रमाण पेस गर्नुपर्ने रु | १२४,००० |
| ३८ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने व्यबस्था छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८-७९ मा कन्टीन्जेन्सी बापत रु.२८८३९९४। खर्च गरेकोमा उल्लेखित ब्यबस्था अनुसार योजनागत बिबरण तयार नगरेकोले खर्च रकम सम्बन्धित आयोजना तथा खर्चको सिमा भित्र छ भनी आश्वस्थ हुन सकिएन । अभिलेख राखी खर्च रकम पारदर्शी गर्नुपर्दछ । | |
| ३९ | | | **बृत चित्र निर्माणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कायदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ कार्यालयले गोश्वारा भौचर नम्बर ३५८-०७९-३-२० मा राम भिजन प्रा.ली लाई नगरपालिका क्षेत्र भित्रका पर्यटन कृषि साँस्कृतिक बिकास सम्बन्धि बृतचित्र निर्माण कार्य कोटेशन माग गरी फर्मले पेश गरेको कोटेशन दरमा बृतचित्र निर्माण गरी चित्र निर्माण गरेको भनी रु. ४९९०००। भुक्तानी गरेको छ । निर्माण भएको बृत्त चित्र प्रशारण गरेको नदेखिएकोले खर्चको उपयोगिता यकिन गर्न नसकिएको रु | ४९९,००० |
| ४० | | | **निर्माण सामाग्री खरिद तथा प्रयोग** : खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार निर्माण सामाग्री खरिद गरी रु. ८,७२,१०६। भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । अत सामान प्रयोग भएको प्राविधिक विल पेश गर्नुपर्ने रु. | ८७२,१०६ |

| भौ.नं./मिति | फर्मको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|
| | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१९-०७९-२-१७</td><td>तरविर ट्रेडर्स एण्ड अर्डर सप्लायर्स</td><td>एच.डि.पि पाईप</td><td>५१५७०९</td></tr>
<tr><td>३६५-०७९-३-२४</td><td>डि.आर ग्रिल उधोग</td><td>पाईप</td><td>१९८८९८</td></tr>
<tr><td></td><td>सौगात जनरल सप्लायर्स</td><td>सिमेन्ट</td><td>१५७४९९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८७२१०६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर १२५-०७८-११-१० मा कैलाशमाण्डौ मन्दिर बिधुत लाईन बिस्तार उ.स बाट बिधुत बिस्तार को कार्य गर्दा ASCR Weasel Conductor,128 kgs 1 km को कैलाली जिल्लाको जिल्ला दररेटमा ढुवानी तथा मू.अ.कर रकम समेत रु. ३५।६२ प्रति मिटर को दरले लागत अनुमान तयार गर्नुपर्नेमा रु.७३।०३ प्रति मिटर को दरले तयार भई खुद काम ३००० मिटर को प्रति मिटर रु.३७।४१ बढि मापन भई रु.११२२३०। बढी मूल्याङ्कन हुन गएको छ । बढी मूल्याङ्कन भएको रकम प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.</td><td>११२,२३०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सिसि क्यामरा जडानः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कायदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले १ लाख भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ३३८-०७९-३-१३ मा लजिक इन्फोटेक लाई मार्तडी बजारमा सिसि क्यामरा जडान कार्य कोटेशन माग गरी फर्मले पेश गरेको कोटेशन दरमा तथा खरिद भएका सामान जडान कार्य गर्नको लागी रु. ५३५००। भुक्तानी गरेको अबस्थामा सो समेत नगरी रु. ४९८७५२। भुक्तानी गरेको छ । लागत अनुमान तयार नगरी सोझै</td><td>४९८,७५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फर्महरुबाट कोटेशन माग गरी फर्मले पेश गरेको कोटेशन दरमा खर्च गरेकोले खर्च मितव्ययी भयो भन्न सक्ने अबस्था रहेन । खरिद भएका सिसि क्यामरा जडान गरी खर्च रकम नियमित गर्नुपर्ने रु. | |
| ४३ | | | **बढी भुक्तानी**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बजेट खर्च गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ३७९।०७९-०३-२५ मा कैलेश्वरी मावि प्याराफिट वाल निर्माण कार्य गर्नका लागि ठेक्का नं ०३।२०७८।७९ बाट एल बि कन्स्ट्रक्शन एण्ड अर्डर सप्लायर्सलाई सम्झौताबमोजिम रु ६५२७२२ भुक्तानी गरी ठेक्कामा बचत तथा अन्य शीर्षकको बाँकी रकमबाट पुन सोही विद्यालयको थप प्याराफिट वाल निर्माण कार्यको लागत अनुमान तयार गरी गोश्वारा भौचर नं ३७५।२०७९।०३।२५ बाट रु ६२२३६७।९५ खर्च गरेको छ । ठेक्काबाट कम दररेटमा काम भइरहेको अवस्थामा सोही स्थानमा समान कार्य गर्न दिंदा भेरिएसन गरी थप कार्य गराउनुपर्नेमा पुनः लागत अनुमान तयार गरी सोही कार्य गराउँदा कार्यालयलाई रु २८६४९४ थप व्ययभार परेको छ । थप व्ययभार पर्नेगरी लागत अनुमान तयार गरी कार्य गराउने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्ने रु. | २८६,४९४ |

| कामको विवरण | ठेक्का दर | पछि तयार भएको लागत दर | फरक | खुद काम (घमि) | थप व्ययभार (मुअकर समेत) |
|---|---|---|---|---|---|
| Earthwork excavation in parapet foundation in soft soil | १५० | ७४० | ५९० | ३२.३९ | २१५४१ |
| Stone masonry work cement sand mortar (1:6) | ५५०० | ११०८० | ५५८० | ४२.०२ | २६४९५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **सुत्रमा दायित्व जनाई कारोबारः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ र ८ मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिने अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नु पर्ने र सोको अनुगमन गरी लेखा अद्यावधिक र निकासा वन्द गर्न लगाउने जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयको च.नं. २७४ मिति २०७९।३।२२ को पत्र अनुसार मिति २०७९।३।२५ गते सुत्र वन्द हुने भनि परिपत्र गरेको छ । नगरपालिकाले नियमावली र परिपत्र विपरित निम्नानुसार रु.१४७५०८८। को सुत्रमा दायित्व जनाई लेखाकंन गरेको छ । सुत्र प्रणालीबाट कार्यक्रमको बिल भुक्तानी गर्न रोक लगाई सकेको अबस्थामा बाहिरबाट दायित्व सिर्जना गरी भुक्तानी दिने पदाधाकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>दायित्व सिर्जना गरी भुक्तानी रकम</th></tr>
<tr><td>४०१-०७९-३-३०</td><td>बुढीगंगा जडाङ्गा देखी बुढाकोर्ध कृषि सडक योजना</td><td>सडक निर्माण</td><td>१००००००</td></tr>
<tr><td>४०३-०७९-३-३०</td><td>बेतालमाण्डौ निर्माण सेवा एण्ड अर्डर सप्लायर्स</td><td>सडक निर्माण</td><td>४७५०८८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४७५०८८।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>ओभरहेड: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम जनसहभागिता अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ४०२-०७९-३-३० मा बुढीगंगा जडाङ्गा देखी बुढाकोर्ध कृषि सडक योजना लाई सडक निर्माण कार्य गराएकोमा दर विश्लेषण अनुसार AII Types of soil कार्य गर्दा प्रति घनमिटर कार्यालयको दरविश्लेषण अनुसार रु.१४७।३२ र Rock कटिङ्ग कार्य गर्दा प्रति घनमिटर कार्यालयको दरविश्लेषण अनुसार रु.१११९।९८ को दररेटले उपभोक्ता समितीलाई भुक्तानी हुनुपर्नेमा ओभरहेड क्रमश रु.२२।०९ र रु.१६७।९९ समेत समावेश गरी प्रति घनमिटर क्रमश रु.१६९।४१ र रु. १२८७।९७ का दरले भुक्तानी भई नरम माटो कटिङ्ग ३५८७।६६ घन मिटर नापी भई रु. ७९२५१। र कडा चट्याङ्ग कटिङ्ग नापी ४७७।०३ घनमिटर नापी भई रु. ८०१३६। समेत रु. १५९३८७। ओभरहेड बापतको रकम भुक्तानी भएको छ । उल्लेखित ब्यबस्था अनुसार ओभेरहेड रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले सम्बन्धित उपभोक्ता समितिबाट ओभरहेड बापतको रकम असुल गर्नुपर्ने रु..</td><td>१५९,३८७</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>विजकको ढाँचा: मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ३६९-०७९-३-२४ बाट आर.आर.कन्ट्रक्सन लाई सडक निर्माण कार्य गरी रु. ४६४७०८। भुक्तानी गरेकोमा विजक नम्बर उल्लेख नभएको मिति २०७९-३-२४ बिलमा मूल्य अभिवृद्धि कर रु ५३४६२। भुक्तानी भएको देखियो । उल्लेखित</td><td>५३,४६२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यबस्था अनुसार बिजकको ढांचामा कर बिजक नदेखिएकोले मूल्य अभिवृद्धि कर रु. ५३४६२। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु रु. | |
| ४७ | | | **सङ्कलन तथा विक्रि अनुदान :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बजेट खर्च रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कृषि उपज सामग्री सङ्कलन तथा विक्री अनुदान कार्यक्रम सञ्चालन गरी कृषकलाई प्रति केजि रु १० का दरले ढुवानी उपलब्ध गराउन गरख बहादुर रावललाई गोश्वारा भौचर नं ३४४।२०७९।०३।१६ र १५५।२०७८।११।३० बाट रु ५०१२५० भुक्तानी गरेकोमा खर्चका साथ ढुवानी रकम बुझेको भरपाइ मात्र संलग्न गरेको देखियो। कृषकलाई प्रति केजि कृषि उपज बजार पुऱ्याएवापत ढुवानी रकम भुक्तानी गरेकोमा सोही बराबर कृषि उपज सामग्री सङ्कलन भई विक्रि भएको हो भनी पुष्ट्याइ गर्ने कागजात खर्चसाथ संलग्न भएको नदेखिएकोले खर्च लेखेको रकम वास्तविक हो भनी सुनिश्चित गर्न सकिएन। खर्च रकम पुष्ट्याइ गर्न सम्बन्धित कृषकले कृषि उपज सामग्री बजार पुऱ्याई कति परिमाण विक्रि गरेको सो समेत देखिने विवरण तयार गरी खर्च रकम यकिन गरी पेश गर्नुपर्ने | ५०१,२५० |
| ४८ | | | **ठे.नं. १-०७८।७९ आधुनिक धुवाँरहित चुल्हो**<br><br>नगरपालिका भित्र २७०६ घरपरिवारले परम्परागत चुल्हो प्रयोग गरिरहेको र हाल २००० धुवाँरहित चुल्हो खरिद गर्ने साझेदारी सहकार्य तथा बजेट व्यवस्थापन सम्झौता पत्र अनुसार युनिसेफको रु ६० लाख बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको ६० लाख बडिमालीका नगरपालिकाको ७५ लाख र समुदायको स्वलगानी रु २७ लाख ६ हजार समेत रु २२२०६०००। को रकम अनुमान गरी कार्यालयले रु १८२५०३१२।६२ को लागत अनुमान तयार गरेको र ठेक्का व्यवस्थापन गर्दा हस्क पावर नेपाल प्रा लि ले कवोल गरेको रु १३२२५५२०। मा सम्झौता मितिले छिटोमा ४५ दिन र ढिलोमा ७५ दिन भित्र आपूर्ति गर्ने गरी २०७८।९।२३ मा सम्झौता भएको थियो । सम्झौता अनुसार सामान आपूर्ति गरेको भनी २०७९।३।२१ मा रु ७००००००। भुक्तानी भएको छ । उक्त ठेक्का सम्झौता सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् | |
| ४८.१ | | | **बजेट सुनिश्चितता** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा अन्य कुराको अतिरिक्त खरिद सम्झौता बमोजिम काम सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम तथा समय समेतलाई ख्याल गरी लागत तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले धुवाँ रहित चुल्हो खरिद गर्नको लागि रु १८२५०३१२।६२ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा सप्लायर्सले रु १३२२५५२०।मा कवोल गरी २०७८।१२।२१ मा सामान आपूर्ति गरेको जिन्सी दाखिला गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र भौ नं १५-२०७९।३।२१ र २०-२०७९।३।२४ बाट रु ७००००००। भुक्तानी दिएको छ । बाँकी भुक्तानी नभएको सम्बन्धमा बजेट नभएकोले भुक्तानी गर्न नसकेको कार्यालयले जानकारी गराएको छ । बजेटको निश्चितता नभई ठेक्का व्यवस्थापन गरेको उचित देखिएन। बजेट व्यवस्था भएको वा हुने निश्चितता गरेर मात्र ठेक्का व्यवस्थापन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४८.२ | | | **ढिला सामान आपूर्ति** – सप्लायर्स संग भएको सम्झौता अनुसार आपूर्तकले ढिलामा २०७८ चैत्र ८ भित्र सामान आपूर्ति गरिसक्नु पर्नेमा बायुपंखी चुल्लो १५४८ पिस २०७८।१२।२१ र ३ मुखे फलामे चुलो ४५२ पिस २०७९।३।१७ मा मात्र आपूर्ति गरेकोले सम्झौता अनुसार आपूर्ति गरेको छैन । कार्यालयले सम्झौता अनुसारको रकम भुक्तानी नगरी रु ६००००००। लाख मात्र भुक्तानी गरेकोले बाँकी रकम भुक्तानी दिंदा सम्झौता अनुसारको हर्जना कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्दछ । | |
| ४८.३ | | | **समुदाय स्वलगानी —** अवधारणा पत्र अनुसार प्रति लाभग्राही रु १०००। वा १० प्रतिशतमा नवढने गरी स्व लगानी वापत सेवा प्रदायकलाई तिर्नु पर्ने व्यवस्था छ । कार्यालयले लाभग्राहीवाट रु १०००। वा १० प्रतिशत प्राप्त भएको विवरण पेश गरेको छैन । खरिद भएका २००० गोटा चुल्हो वापत लाभग्राहीवाट प्रति चुल्हो रु १०००। का दरले रु २००००००। स्वलगानी गरेको प्रमाण पेश गर्नुपर्ने रु | २,०००,००० |
| ४८.४ | | | **जडानको स्थिति** – कार्यालयले पेश गरेको विववरण अनुसार प्राप्त २००० चुल्हो मध्ये १५०५ चुल्हो वितरण भएको र ४९५ चुल्हो वितरण हुन वाँकी रहेको छ । वितरण भएका चुल्हो क-कसले प्रयोग गरे सो को अद्यावधिक नाम नामेसी सहितको विवरण पेश भएको छैन । तसर्थ वितरण भएको चुल्हो र वितरण गर्न वाँकी चुल्हो वितरण गरी सबै चुल्हो जडान भएको आश्वस्तता हुने प्रमाण पेश हुनु पर्दछ । | |
| ४९ | | | **वोटविरुवा संरक्षण** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बजेट खर्च बिलभरपाईसहित रीत पुगे नपुगेको जाँच गरी खर्च लेख्नुर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ३८१।२०७९।०३।२५ मा ५० प्रतिशत अनुदानमा फलफुल विरुवा वितरण तथा बोट संरक्षण कार्यक्रम सञ्चालन गर्न हेमराज उपाध्यायलाई रु १२२२५६ भुक्तानी गरेकोमा २१ कृषकलाई ओखर, कागती, सुन्तला लगायत जातका बोट विरुवा संरक्षण तथा गोडमेल गरेवापत १०७० बोटको प्रति विरुवा रु १०० का दरले रु १०७००० खर्च लेखेको छ । कार्यालयअनुसार ५० प्रतिशत अनुदान मात्र रु ५३५०० मात्र भुक्तानी गर्नुपनर्नेमा सतप्रतिशत भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ५३५०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ५३,५०० |
| ५० | | | **पदाधिकारी तथा सदस्यको सुविधा -**<br><br>**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. ९५,९०,७५०.०० सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ७ | सभाका सदस्य ३० | जम्मा ४८ |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | ९००० | ९००० | १५५००० | ८९००० | २९६००० | ५५८००० |
| यातायात खर्च | ० | १२०००० | २६२५०० | ० | ० | ३८२५०० |
| टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ४२०००० | २९४००० | ७२०००० | १५९०००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ७८००० | ६०००० | ४२०००० | २९४००० | ९००००० | ७८६००० |
| समन्वय तथा सहजीकरण | १२०००० | १०८००० | ६६९५०० | ५०४००० | १३७२७५० | २७७४२५० |
| अतिथि सत्कार | १३२००० | १२०००० | ८४०००० | ० | ० | १०९२००० |
| खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ४२००० | २५७५०० | २१०००० | ३६०००० | ९१७५०० |
| चाडपर्व खर्च | २७५०० | २५००० | १६२००० | ७०००० | २४०००० | ५२४५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>४९८५००</td><td>५५६०००</td><td>३१८६५००</td><td>१४६१०००</td><td>३८८८७५०</td><td>९५,९०,७५०</td></tr></table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको भौतिक पूर्वाधार निर्माण तथा आईसिटि ल्याव सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>कार्यक्रममा दोहोरोपना- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को बुँदा ६ (३) मा सार्वजनिक शैक्षिक संस्था छनौट गर्दा एकै प्रकृतिका कार्यक्रम कार्यान्वयनको लागि दोहोरोपना नहुने गरी छनौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकावाट जाल्पा देवी माविलाई आईसिटि ल्याव संचालन गर्न रु ६५००००। विनियोजन गरी सामान खरिद गरी चालु शिर्षकको भौ नं २२८- २०७९।३।२२ बाट रु ६५००००। र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट रु ६५००००। प्राप्त गरेको रकम पूँजीगत शिर्षकको भौ नं १९- २०७९।३।२२ बाट रु ६५००००। खर्च लेखेको छ । कार्यविधि विपरित एकै कार्यक्रमको लागि दोहोरो पर्ने गरी खर्च लेखेको कार्यविधि विपरित देखिएको रु</td><td>६५०,०००</td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन प्रकृया संचालनको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रले मिति २०७८।१२।१५ मा कार्यक्रम कार्यान्वयनको लागि गरेको परिपत्र अनुसार एउटा कार्यक्रमको लागि विनियोजन गरेको रकम अर्को कार्यक्रममा खर्च गर्न नपाईने, कार्यक्रम कार्यान्वयनको प्रगति विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने, स्थानीय तहवाट नियमित अनुगमन तथा प्राविधिक सहायता उपलव्ध गराउनु पर्ने, क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रकृया अवलवम्वन गर्नुपर्ने तथा कार्यक्रमको कार्यान्वयन पश्चात निकासा रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षणको दायित्व सम्बन्धित विद्यालयको हुने व्यवस्था छ । पालिकाले निम्नानुसारको विद्यालयलाई नमुना विद्यालय, आईसिटि ल्याव स्थापना तथा सुदृढिकरण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको लागि निम्नानुसार रकम उपलव्ध गराएकोमा अनुगमन प्रतिवेदन प्राविधिक मूल्याँकन लेखापरीक्षण प्रतिवेदन तथा सामाजिक लेखापरीक्षण पेश नगरेकोले पेश हुनुपर्ने रु.<table><tr><td>भौ. नं. मिति</td><td>विद्यालयको नाम</td><td>लागत अनुमान</td><td>निकासा रकम</td></tr></table></td><td>१०,८००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>१८-२०७९।३।२०</td><td>खातिविता आधारभूत विद्यालय</td><td>२२८४७६८</td><td>१८०००००</td></tr><tr><td>१८-२०७९।३।२०</td><td>चोयाकोट मावि चोयाकोट</td><td>लई नभएको</td><td>३६०००००</td></tr><tr><td>२२-२०७९।३।२०</td><td>लक्ष्मी मावि जिल्ली</td><td>४५६८१८६</td><td>३६०००००</td></tr><tr><td>३१-२०७९।३।२०</td><td>मष्टेश्वरी आधारभूत विद्यालय</td><td>२२६९६९८</td><td>१८०००००</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>१०८०००००</td></tr></table> | |
| ५२ | | | **विल भरपाई -** | |
| ५२.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९ (१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार रु. ११७४८७२। खर्च गर्दा गोश्वारा भौचर साथ बिल भरपाई संलग्न नगरी खर्च गरेको देखिएको रु.<br><table><tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr></table> | १,१७४,८७२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६४१-०७९-३-३०</td><td>नवल अटो वि.सि.डी वर्कसप र बडिमालिका अटोपार्क विल रकम भुक्तानी</td><td>सवारी साधन मर्मत खर्च]</td><td>२९२४५७</td></tr>
<tr><td>६४६-०७९-३-३०</td><td>जेष्ठ नागरिक कल्याण संघ</td><td>नखुल्ने</td><td>२०००००</td></tr>
<tr><td>६४७-०७९-३-३०</td><td>पुष्पराज भट्टको पे फ</td><td>नखुल्ने</td><td>१७५०००</td></tr>
<tr><td>६४९-०७९-३-३०</td><td>बडवमालिका मिडिया हाउस</td><td>नखुल्ने</td><td>५००००</td></tr>
<tr><td>६३९-०७९-३-२९</td><td>सौगात आयल स्टोर्स</td><td>प्रयोजन नखुल्ने</td><td>४५७४१५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११७४८७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>जोखिम भत्ता– नेपाल सरकारबाट जारी कोरोना भाईरस (कोभिड —१९) संक्रमणको उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को आधारमा वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७ श्रावण देखि २०७८ आषाढ मसान्त अवधिको रु २८४२८६६।०० मध्ये दायित्व सिर्जना नगरी रु ११६९५२।०० यस वर्ष जोखिम भत्ता भुक्तानी गरेको छ ।जोखिम भत्ता पाउने गरी जनशक्ति खटाउदा कोरोनाभाईरस (कोभिड—१९) संक्रमणको अवस्था, प्रभावित विरामीको संख्या, उपचारमा अवश्यक स्वास्थयकर्मी सहितको टोलिलाई खटाईएको अवधि र समय खुल्ने कार्सम्पादन सूचक सहितको कार्यदिश दिई संक्रमणको उपचार कार्यमा खटाएको निर्णय संलग्न गरी बस्तुनिष्ठ कार्सम्पादन सूचकको आधारमा भुक्तानी भएको नदेखिएकोले वास्तविक कार्य गरी जोखिम भत्ता वितरण गरेको एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५२.३</td><td></td><td></td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा</td><td>२,०१६,०९६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु. | |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| कर्मचारी र पदाधिकारी | विनोद कुमार वि क (पदाधिकारी) कोभिड १९ सहित विपत व्यवस्थापन | | १२२०९६ |
| | प्रेम बहादुर महत (रैथाने बाली प्रवर्ध्दन कार्यक्रम खर्च ) | | ४२९००० |
| | भेषराज पण्डित विभिन्न स्वास्थ्य कार्यक्रम खर्च | | २८०००० |
| | सुर्य बहादुर बडुवाल कार्यालय सञ्चालन खर्च | | २३५००० |
| मोविलाईजेशन | श्री स्काई धुलिखेल प्याराडाईज जे भी<br>कालजाग्रा पर्यटन पार्क तथा पदमार्ग निर्माण साझेदारी कार्यक्रम | ६३३९००० | 0 |
| मोविलाईजेशन | राजेन्द्र- डि. वि. जे. भी.-१५ सैया अस्पताल | ६०००००० | |
| संस्थागत | श्री मालिका मा वि मार्तडी | 0 | ३२५000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>श्री कैलाश श्वरी मा वि</td><td>0</td><td>३२५000</td></tr>
<tr><td></td><td>बडिमालिका मिडिया हाउस प्रा ली</td><td></td><td>५००००</td></tr>
<tr><td></td><td>अपाङ्ग कल्याण सेवा संघ</td><td></td><td>२५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२३३९०००</td><td>२०१६०९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.४</td><td></td><td></td><td>निशुल्क पशु स्वास्थ्य शिविर - कार्यालय गोश्वारा भौचर नंबर २००।२०७८।०९।१३ र ६०३।२०७९।३।२ बाट निशुल्क आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण र खोप कार्यक्रम (औषधि खरिद) सञ्चालन गर्न साउँद एग्रोभेट सेन्टर बुढीगंगाबाट रु ३०००००।०० को पशु औषधी २ पटक खरिद गरेको बिल संलग्न भएकोमा पशु औषधी प्रयोग विवरण पेश नभएको तथा खर्चको साथ संलग्न कागजातमा कार्यक्रम कहिले, कहाँ, कसरी सञ्चालन भयो सो समेत नखुलेकोले केस रजिष्टर सहित खर्चको वास्तविकता यकिन गर्नुपर्ने रु.</td><td>३००,०००</td></tr>
<tr><td>५२.५</td><td></td><td></td><td>सञ्चार महशुल - पालिकाले यो बर्ष सञ्चार महशुलमा रु ९,६६,२४२.०० खर्च गरेकोमा त्यस्तो खर्च कार्यालय प्रयोजनका अतिरिक्त केही पदाधिकारी तथा कर्मचारीलाई रिचार्ज सुविधाको रुपमा पनि खर्च गरेको पाइयो । सञ्चार सुविधालाई कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च गरिनुपर्दछ । विभिन्न तहका कर्मचारीलाई सञ्चार सुविधा दिने गरी कानून बनाएको नपाइएको तथा नगरसभाबाट पनि त्यस्तो प्रकृतिको निर्णय भएको नदेखिएकोले यस्तो खर्चलाई कानूनद्वारा व्यवस्थित बनाइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४(४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अतः उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।<br><br>• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन नभएको,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको,<br>• अनधिकृत निर्माण तथा सार्वजनिकसम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको<br>• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,<br>• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,<br>• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,<br>• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,<br>• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,<br>• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,<br>• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,<br>• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,<br>• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,<br>• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,<br>• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,<br>• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको<br>• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,<br>• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन नभएको,<br>• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,<br>• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,<br>• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको,<br>• संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको<br>• एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,<br>• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,<br>• दफा २४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>• दफा ८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वयन नभएको<br><br>स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |